**Rigvedic Himalaya**
*Journal of Vedic Perspectives and Himalayan Cultures*
(A Peer-Reviewed, Open Access Journal; Indexed in NepJOL)
ISSN 3059-9431 (P), Vol. 2, December 2025

***Published by***
Mukta Foundation Pvt. Ltd., Pokhara
Email: info@muktafoundation.com.np URL:www.muktafoundation.com.np
*Copyright 2025© The Author(s). With permission of the concerned author(s), the publisher shall publish the articles for first edition. The journal is licensed under a Creative Commons Attribution-ShareAlike 4.0 International License.*
***DOI: https://doi.org/10.3126/jorh.v2i1.87049***

***Book Review (पुस्तक समीक्षा)***

# ओदार्जिलिङ ! सीमा वरिपरिका परिवेश र मन्थन

**सहदेव गौतम**
जनप्रशासन क्याम्पस, बल्खु
मानवशास्त्र, त्रिचन्द्र बहुमुखी क्याम्पस

***Corresponding Author*:** sgautam@cdpa.edu.np /connectsahadev@gmail.com,
https://orcid.org/0000-0002-1199-0842

***Submitted: 04 March 2025; Reviewed: 22 May 2025; Accepted: 29 Sep. 2025; Published 01 Dec. 2025***

**लेखसार**

*महेन्द्र. पी. लामाद्वारा लिखित 'ओदार्जिलिङ ! सीमा वरिपारिका परिवेश र मन्थन' २०७८ (२०२१ सन्)मा किताब पब्लिसर्स प्रा.लि. काठमाडौंबाट छापिएको पुस्तकमा भारतीय नेपालीहरूको भाषा, पहिचान, इतिहास र वर्तमानको आन्दोलनका अनेक आरोह-अवरोहका बारेमा विशिष्ट आयामहरू उल्लेख गरिएको छ । दार्जिलिङको चियाकमान भित्रको पिडालाई निक्कै गहकिलो तवरले उल्लेख गरिएको पुस्तक आफैमा पठन योग्य छ । जम्मा छ भाग र ४९ पाठमा प्रस्तुत गरिएको यो पुस्तक भारतीय इतिहासका कान्छा कुलपतिद्वारा लेखिएको हो । लेखकले सिक्किममा केन्द्रीय विश्वविद्यालय स्थापना गरी सञ्चालनमा ल्याएका छन् । उनी स्वयं भारतको प्रसिद्ध जवाहरलाल नेहरू विश्वविद्यालयका प्राध्यापक समेत हुन् । 'परिवारकै दोस्रो शिक्षित पुस्ताका प्रतिनिधि भएकाले, उनले यस पुस्तकमा व्यक्तिभन्दा सामाजिक विषयवस्तु बढी केन्द्रित गरेर पाठकमाझ प्रस्तुत गरेका छन्' । नेपाल र भारतमा रहेका नेपाली भाषी, नेपालीको गौरव बोकेको इतिहास र आधुनिक भारतमा नेपालीहरूको योगदानलाई आफ्नो पढाइ-लेखाइको मुद्दा बनाउने लामाले आफू शिक्षक हुनुको खुसीलाई ज्ञान बाड्नु सिक्ने सिकाउने कुरालाई, खहरे खोला हुँदै समुन्द्रमा मिसिनु जस्तै निक्कै आनन्दित तवरले व्याख्या गरेको देखिन्छ ।*

"छुट्टै राज्य केवल संविधानले चलाउदैंन, मान्छेले नै चलाउनुपर्ने हो" (पृ. ८१) । सन् १८३५ पछिको राजनीतिक परिवर्तनपछि दार्जिलिङलाई प्राकृतिक बासस्थान रूपमा हेर्न थालिएको थियो । अंग्रेजले आफ्नो अधिनमा राखेपछि मात्र दार्जिलिङको विकासले नयाँ आयाम समातेको देखिन्छ सँगै विश्वकैचिया, पर्यटन र दार्जिलिङलाई पर्यायको रूपमा हेर्न थालियो । शैक्षिक स्थल र नयाँ-नयाँ चेतनाको निर्माणस्थलको रूपमा रहेको दार्जीलिङ पहाडमा २०औँ शताब्दी पछि गोर्खाल्यान्ड आन्दोलन र जसले गोर्खाल्यान्ड मागेका थिए उनीहरूकै बङ्गालसँगको दोधारे सम्बन्धको पनि तातो-चिसो आयामहरूको व्याख्या रहेको देख्न सकिन्छ । नेपाली भाषी गोर्खालीहरूले मागेको, भोगेको, देखेको र आज स्वीकार गरेको प्रशासनिक अवस्थालाई 'कृष्णसुब्बा' कोआत्माले के भन्दो होला, जो गोर्खाल्यान्ड आन्दोलनका पहिलो सहिद भएका थिए । "यहाँ पनि नेताहरूले गोर्खाल्यान्ड दुहुनो गाई नै बनाइ दिए" (पृ. १६५)।

भारत भरि छरिएका नेपालीहरूको लागि भारत भूमि 'कर्मथलो' मात्रन भई 'जन्मथलो' पनि हो, जमिनसँगै भारतमा मिसिएका नेपालीहरू भारत भूमिका 'भूमिपुत्र' हुन भन्ने कुरा शासक, नेता र जनता सबैले बिर्सिएको जस्तो देखिन्छ । यो पुस्तकमा लेखकले यस्ता व्यावहारिक मुद्दाको चोटिलो उठान गरेको देखिन्छ । देहरादुनका 'जाग्रत गोर्खा' पत्रिकाका सम्पादक आनन्दसिंह थापा र सन् १९५६ मा सुरु भएको आन्दोलनले नेपाली भाषाको संवैधानिक आधार खोजेको थियो । त्यस आन्दोलनकै परिणाम स्वरूप सन् १९६१ मा नेपाली भाषालाई दार्जिलिङ पहाडमा बंगाली भाषासरह मान्यता प्राप्त भएको हो । अझै सन् १९९२ मा नेपाली भाषालाई संविधानमै गाभियो । भारतका प्रतिष्ठित अलाहावाद विश्वविद्यालयमा सन् १९११ र सन् १९२१ देखि कलकत्ता विश्वविद्यालयमा नेपाली भाषालाई आफ्नो पाठ्यक्रम समावेश गरेकोछ (पृ. १००) । विविध सम्मेलन साहित्य गोष्ठी जस्ता कुराहरूले भारतीय गोर्खा नेपालीहरूको हकहित र अधिकारहरूलाई संस्थागत गर्ने प्रक्रिया सुरु भएको इतिहास भेटिन्छ । यस्ता पहलहरूले नेपाली भाषाको प्रयोग र मान्यतामा अझ सुदृढ र व्यापक धरातलमा स्थापित गरेको छ । अब भारतीय नेपालीहरूले संविधान र कानुनमै आधारित भएरैआफ्नै भाषामा उच्चशिक्षा हासिल गर्नु थालेका हुन् । यी प्राप्तिका कुरा भए । प्राप्ति र पूर्णप्राप्तिको फरक भने पक्कै हुन्छ । तर पनि नेपाली भाषाप्रति वास्तविक जिम्मेवारी बहन गर्नेहरू प्रायः कम देखिन्छन् । "सन् १९७० को दशकको अन्तिमतिर भारतमा जनता पार्टीको राजनीतिक शासनको समयमा जब भारतीय गोर्खाहरू प्रधानमन्त्री मोरारजी देशाईसँग भेट्न गएका थिए, त्यसबेला उनले भने, 'तिमीहरूको भाषा विदेशी हो र भारतमा मान्यता पाउने छैन,' जसपछि अर्को महासंकट उत्पन्न भयो" (पृ. १२०) । आज उपरान्त पनि गोर्खा नेपाली र नेपाली भाषा प्रति भारतीय शासन प्रशासनमै त्यति सकारात्मक नजर राखिएको देखिँदैन । उदाहरण दार्जीलिङबाटै पाउन सकिन्छ । तै पनि नेपाली भाषाको लागि कहिँकतै उल्लेखनीय क्रान्तिकारी कदमहरू चालिएको देख्न सकिन्छ । सन् १९७१ मा र तनलाल ब्राह्मणले सांसदमै नेपाली भाषामा शपथ लिएको प्रसंग यसको ज्वलन्त उदाहरण हो । भारतको स्वतन्त्रतामा सहिद 'दुर्गा मल्ल' जस्ता महान् व्यक्तिहरूको योगदान पनि निक्कै अजम्बरी रहेकोछ । यस्तो योगदान भन्नाले भारतीय नेपालीहरूले देखाउने देशप्रेम र राष्ट्रभक्तिको कुरा हो ।

भरिया, बहादुर, कान्छा जस्ता उपाधिले नेपालीको पहिचान बनाउनेहरूले नेपाली भाषी सहिदहरूको योगदानका कुरा सत्ता र प्रशासनले प्रायः ख्याल गर्दैनन् । आफ्नै भूमिमा पराइ जस्तो भएर बस्नु पर्ने बाध्यता

'सोझा जनता' हुन् र त्यो भन्नुपर्दा अझै धेरै सोचाइबाट दरिद्र र लोभी सोचाइ भएका जनता र जनताको उद्दार गर्छु भन्ने 'नेता' गण हुन् जसले "सरकारले दिएको विकासलाई कृपा सम्झन थाले, संबैधानिक अधिकार होइन (पृ. ५०)" । इतिहास बोकेको हो, नेपाली भाषीको पसिनाले सजिएको त्यो दार्जिलिङ र आजको दार्जिलिङ । त्यस बखतको विश्वविख्यात दार्जिलिङ र आजको अल्मलिएको दार्जिलिङ देख्न सकिन्छ । चियाकमान जनताको पसिनाको इतिहासले सुसूचित त्यो भूमिमा निकै सोझो जनता र केहि छछट्टु नेताहरू बस्ने गरेको देख्न सकिन्छ । "दार्जिलिङमा जनता चाहिँ भोकको मर्काल्यान्डमा डुबेका छन् । अतित र भविष्य दुइटै नभएका नेताहरू चाहिँ मौज मज्जाल्यान्डमा बाँचेको छन्" (पृ. ५५) । भारत बाहिरी उपनिवेशबाट मुक्त भएको निक्कै समय भइसक्दा पनि, त्यही भारतमा दार्जीलिङले भने आन्तरिक उपनिवेशको सिकार भएकोछ । यसमा बङ्गाल सरकार र समग्रमा भारत सरकारकै भूमिका बराबरछ भन्ने कुरा सर्वस्वीकार्य हो । नेपाली भाषी गोर्खाल्यान्डको मागलाई बालुवाको घर जस्तो बनाउन तत्पर बङ्गाल सरकार जहिले पनि नेपालीको मुद्दामा नकारात्मक भूमिका खेल्ने गरेको पाइन्छ, जुन आजैसम्म उत्तिकै छ । दार्जिलिङ बङ्गाल राज्यकै भूभाग भए पनि, बङ्गाल सरकारले दार्जिलिङमा रहेका सबै आयका स्रोतहरूलाई स्वाहा गरिदिनुलाई मात्र ध्यान दिएको जस्तोदेखिन्छ (पृ. १३२) । घुमाउरो तरीकाले आन्तरिक उपनिवेश स्थापना गर्नु र जनतालाई पनि स्वीकार गर्न बाध्य बनाउनु । अझ रोचक कुरा के छ भने दार्जिलिङ पश्चिम बङ्गालको दोस्रो जिल्ला हो, जहाँ प्रतिव्यक्ति आय धेरै रहेको गनिन्छ । प्रजातन्त्रकै ठुलो देश भित्रै यस्तो हुनुले खासै राम्रो सन्देश भने पक्कै दिँदैन ।

दोष कसलाई दिनु खै ? नेपाली भाषीलाई बङ्गाल सरकार र केन्द्रीय सरकारले निकै खेलायो खेल्ने वातावरण नेपाली भाषीहरूले प्रदान गरे । जातजात नाच्यो, थाक्यो र टुक्रियो" (पृ. १४८) । समग्र नेपाली गोर्खा समुदायको मुद्दा पो भारतीय नेपालीको मुद्दा हो । त्यो भित्र पनि अनेकन समूह जात बनाउदा अरुले खेल्ने मौका पाउँछ । "दार्जीलिङवासी र भारतीय गोर्खा/नेपाली समाजको एउटा ठुलो लक्ष्य हो आफ्नै छुट्टै राज्य हो (पृ. १५६) । लेखकको यस पुस्तकमा नेपाली गोर्खा र भारतमा रहेका नेपालीहरूको गौरवसहितको राज्यको स्थापना वर्णन गरिएको छ ।

लेखकले "ज्यादा लिन्छु, कम्ति दिन्छु भन्ने जिरोसम गेम सिद्दान्तमा आधारित कूटनीतिको अन्त गरिनु पर्छ" (पृ. १८३) भन्ने कुराको वकालत गरेका छन् । कूटनीतिको आयाम र प्रयोगमाथि पनि प्रखर उल्लेख भएको छ । पुस्तकमा नेपालको सन्दर्भ यसरी उल्लेख गरिएको छ, काठमाडौं नेपाल होइन र नेपाल काठमाडौं होइन भन्ने हिसाबले नेपाल भित्र रहेको केन्द्रीकृत मानसिकता र त्यही अनुसारको व्यवहार उल्लेख गरेको पाइन्छ । लामाले कुटनीतिमा कुनै पनि देशको सार्वभौम पहिचान र देशको भूगोलले मात्र होइन हरेक देशको आफ्नो पहिचानको बारेमा गहन कुरा पनि उठाएका छन् । राजा महेन्द्रको कूटनीतिक पक्षका बिबिध कुराहरूको पनि व्याख्या गरिएको छ । जसले नेपालको आफ्नो र अन्तर्राष्ट्रिय जगत्मा उपस्थित पनि गहिरो चित्रण गरिएको छ । नेपालको पहिचानमा राजा महेन्द्रको भूमिका पनि मिठो तरिकाले उल्लेख गरेको छ । सँगै लामाले नेपाली, भारतीय र चाइनिज मुद्राबीचको इतिहास र वर्तमानको प्रयोगका पाटाहरू उल्लेख गरेका छन् । कूटनीतिको कुरा आउँदा भारतका प्रधानमन्त्री अटल बिहारी वाजपेयीको भूमिका हामीले बिर्सिन सक्दैनौं, जुन निक्कै व्यवहारपरक देखिन्छ । देशको स्वतन्त्रता सँगै कूटनीतिको मामिलामा विश्वका सबै देश समान हैसियतले उपस्थित हुनुपर्ने कुरा व्याख्या गरिएको छ । हाम्रो दक्षिण एसियामा रहेको सार्क र त्यसको हिजो, आज र सम्भावित भविष्यलाई

हेर्दा भारत पाकिस्तान कमजोरी त्यसको प्रभाव अन्य देशमा पर्ने साथै भारत र पाकिस्तानको सत्रुताले अन्य छिमेकी माथि परेको वा पर्ने असरको बारेमा पनि पुस्तकले उल्लेख्य गरेको देखिन्छ ।

विश्व कुटनीतिमा प्राकृतिक स्रोत साधनले भरिपूर्ण हुने देशलाई सबैले नजर लगाउनु स्वाभाविक हो । बर्माको इतिहाससँग प्राकृतिक स्रोत साधन र अन्य देशले लगाउने नजरलाई अनेकन आयामहरूले हेर्न सकिने कुरा देखिन्छ । यो कुरा गरिरहँदा पुस्तकमा ट्रम्पको उदयले विश्व राजनीतिमा आएको नयाँ ध्रुवीकरणलाई देखाइएको छ । विकसित देशले शरणार्थी जगतमा खेलेको भूमिकाको पक्षसँगै यहि विषयमा भारतको दोहोरो चरित्र देखिएको कुरा भने निक्कै पेचिलो तरिकाले उल्लेख गरिएको छ । “कुनै मुद्दामा सरकारले नीति नबनाउनु नै अर्को नीति हो” (पृ. ३०८), शरणार्थीको प्रसंगमा यो कुरा उठेको देखिन्छ जसमा हरेक देशको आ-आफ्नै नीति र चरित्र भएको उल्लेख गरिएको छ । शरणार्थीको मामिलामा भारतको कमजोर नीति र व्यवहार देखिएको कुरा गहनतरिकाले पुस्तकमा वर्णन गरिएको छ । भुटानबाट आएका शरणार्थीलाई कुन तरिकाले नेपाल ल्याइयो, तिब्बती शरणार्थीलाई कसरी भारतमा बस्न दिइयो भने जस्ता कुराहरू उल्लेख छ । उता पाकिस्तानले अफगानिस्तानिहरूलाई मात्र किन शरण दिन्छ भन्ने कुरा पनि छ र यी सबै कूटनीतिको पाटो हो भन्न सकिन्छ । कमजोर कुटनीतिले कालान्तरमा कुनै पनि देशलाई ठुलो युद्दको अवस्थामा पुराउन सक्ने कुरा अफगानिस्तानमा सोभियत संघ र अमेरिकाले गरेको कामहरूको सिलसिलेबर रूपमा उल्लेख गरेको पाइन्छ ।

चीनले एसिया मात्र होइन विश्वमै आफ्नो उपस्थिति कसरि बलियो बनाउँदै गएको कुरा लामाले पुस्तकमा आफुले विभिन्न समयमा चीन घुम्दाको अवस्थालाई अनेकन तरिकाले तुलनात्मक हिसाबले व्याख्या गरेका छन् । चीनले पाएको दुःख-दरिद्रतार सन् १९७५ देखि विकासमा तीब्र अघि बढेको तथ्यलाई पनि उल्लेख गरिएको छ । चीनले विश्व सामु आफ्नो फरक पहिचान बनाएको छ त्यसो हुनुमा, “चिनियाँले पहिले गर्छरे, त्यस पछि सोच्छरे” (पृ. २०३) । चिनियाँहरूले राजनीतिक आधिकार र राजनीति भन्दानी काम गर्नु पर्ने संस्कृतिको जग बलियो बसाल्यो । कामको कुरा गर्ने राजनीतिको कुरा फिटिक्कै नगर्ने चलनको स्थापना भयो । नेपाल र भारतमा काम भन्दानी राजनीति गर्ने त्यो पनि जनहितमा भन्दा आफ्नो दुनो सोझ्याउनलाई र चिनियाँहरूले आफ्नो कामलाई भगवान बनाए अनि र पो आज विश्वबजारमा आफ्नो बलियो उपस्थिति बनायो । आधुनिक चीन ‘देङ स्याओ पिङको’ उदयले आजको अवस्थामा चिनियाँ पुगेको कुरा उल्लेखछ । यस्तो हुनुमा बिरालो र बिरालोको सिकार गर्ने क्षमतालाई जोडेर कामको संस्कृतिलाई व्याख्या गरिएको छ । चीनको आधुनिक विकासले दिगो विकास माथि उठाएको अनेकन प्रश्नहरू भारत अनि चीन बीच भएका युद्ध, व्यापार, इतिहास र वर्तमान पनि उल्लेख गरिर हँदा नेपालको भूमि ‘लिपुलेक’ मार्गमा सन्धिको कुरा हुँदा त्यो नेपाली भूमि हो भन्नेमा लेखकको कलमले विश्राम गरेको जस्तो देखिन्छ । हुन त यो कुरा छिमेकीहरूले नेपालको सार्वभौमिकतालाई मिच्न खोजेको देखिन्छ । लामा आफैमा परिचित लेखक हुन्, फेरि लेखक केवल लेखक मात्र होइनन्, उनी अन्तर्राष्ट्रिय सन्धि र सिमानाका राम्रै जानकार पनि हुन् र नेपालको आर्थिक, सामाजिक, राजनीति सम्बन्धी ज्ञाता पनि हुन् । सन् २०१५मा भारतले नेपाल माथि नाकाबन्दी गर्दा लामाले यो बिषयमा खरो आलोचना पनि गरेका छन् सँगै भारतको कमजोर कुटनीति झल्केको कुरा उल्लेख गरेका छन् । “अरु भत्किँदा आफु निर्माण हुने नै चीनको मर्म हो” (पृ. २३९), लेखकले चीनको कुटनीतिक आयामको

बारेमा भनिरहँदा भारतले नेपाल माथि गर्ने गरेको हस्तक्षेपलाई अझै उजागर गर्नु पर्ने थियो, त्यो छुटेको भान हुँदैछ ।

पुस्तक पढिसके पश्चात लेखक आस्तिक हुन् भन्नेकुरा स्पष्ट झल्किन्छ । तिब्बतको कैलाश पर्वतमा तीर्थयात्राको क्रममा धार्मिक आस्थालाई उल्लेख गर्दै, 'गाङ रिम्पोछेसँग' दर्शन गरेर गोर्खाल्यान्ड मागिएको र गोर्खाल्यान्डका सहिदहरूको नाममा खादा चढाएर प्रार्थना गरिएको सन्दर्भले मार्मिक तरिकाले परिवेश र घटनासँगै धार्मिक मोक्षका विषयलाई लेखकले उठान गरेका छन् ।

पुस्तकमा स्थानीय र भूराजनैतिक अवस्थाको गहिरो विश्लेषण प्रस्तुत गरिएको भएता पनि, चिकेन नेकको सन्दर्भमा भारतीय दृष्टिकोणले मात्र प्राथमिकता पाएको देखिन्छ । यसले नेपाल जस्तो भूपरिवेष्ठित राष्ट्रले अपनाउन सक्ने सहज र अन्तर्राष्ट्रिय मार्गहरूको विश्लेषणको अभाव देखाउँछ । यसैले भारतको सुरक्षा दृष्टिलाई मात्र केन्द्रमा राखेर गरिएको व्याख्याले नेपालको विकल्प र भूराजनीतिक हितको अध्ययनमा खाडल प्रस्तुत गर्दछ ।

पुस्तकमा मौलिक ज्ञानको भूमिका निक्कै गहकिलो तवरले प्रस्तुत गरिएकोछ । लेखकले आफूले आफ्नोपुस्ताबाट सिकेको अमुल्यज्ञान र आजको बजारको ज्ञानलाई साथै गाउँका पुजारी, धामी, फेदंग्वा प्राकृतिक स्रोतमा आधारित ज्ञानलाई सहरमा आधारित ज्ञानलाई पनि उल्लेख गरिएको छ ।

लेखकले डाक्टर उपाधिको प्रयोग र प्रसंगले ज्ञानको उपयोगिता; हस्तान्तरणलाई निक्कै गहनसाथै परिवारको योगदान र त्यागले कुनै पनि व्यक्तिलाई जुनसुकै विधामा योग्य डाक्टर बन्नको लागि आधार निर्माण गर्छ फलस्वरूप डाक्टरी बोध र समाजप्रतिको जिम्मेवारीको कुरालाई निक्कै रोचक ढंगले प्रस्तुत गरेका छन् । उनले आफ्नो बुबाको सल्लाह अनुसार सन्त जोसेफ कलेज, दार्जिलिङमा लेक्चररको पद छोडेको कुरा पनि उत्तिकै रोचक छ । त्यो अवसर त्याग गरेका लेखक आज विश्वप्रसिद्द प्राध्यापक बनेकाछन् । 'हामी धेरै डाक्टरहरू' (पृ. ३४९) मा लेखकले निक्कै वस्तु परक, रहर परक र व्यवहार परक कुराहरू उल्लेख गरेकाछन् । हिजो आजका डाक्टर उपाधिको मूल्य र मान्यतासँगै समाजमा गर्नु पर्ने योगदानसँगै यो उपाधिको किनबेचका पाटोलाई वास्तविक र बजारको अवस्थालाई उल्लेख गरिएको छ । जुनसुकै विधाको 'डाक्टर' ले समाजप्रति देखाउनु पर्ने जिम्मेवारी देखिन्छ । लेखकले जनावरका डाक्टरको निक्कै धेरै गुणगान गर्नु भएकोछ । मानवको भाषा बुज्नु र जनावरको भाषा बुज्नु फरक हुने कुरा उल्लेख गरिएको छ । सँगैअनुसन्धान गर्ने डाक्टर सिद्दान्त र घटनामा दखलता देखाउनु पर्ने कुराहरूसँगै कुनै शैक्षिक संस्थाले डाक्टरको उपाधि बेच्ने मात्र काम भएको केहि तथ्यहरू पढ्न पाइन्छ जुन कुरा सारै अचम्मको र मार्मिक लाग्दो रहेकोछ । डाक्टरको घमण्ड र आडम्बरले उपाधि र समाजलाई गर्नु पर्ने गुणलाई धमिलो बनाउने कुरा निक्कै व्यवहारिक छ ।

लेखकले महामारी र हजामलाई जोडेर रोगको विश्वब्यापी चरित्रलाई पनि वर्णन गरेको छन् । लेखकको भोगाई र विश्वको कुनाकुनाबाट उदाहरणहरू पनि प्रस्तुत गरेकाछन । त्यो लगत्तै मदरटेरेसाको वास्तविक मानव सेवा र धर्म निरपेक्षताको वास्तविक चरित्र उल्लेख गर्नुको साथै धर्म प्रचारमा र माउने आजका धर्मभीरुहरूले मदरटेरेसाबाट वास्तविक धर्मका दर्शन सिक्न सक्ने साथै धर्मको भूगोल र जात, र 'स्वयंधर्मको धर्म हुँदैन' मानवता र भूगोलको सेवा सार्थक सेवा हो भन्ने कुरा व्यक्त गरेका छन् ।

उड़ता पन्जाब फिलम (पृ. ३८९-३९५) मा देखाइएको युवाहरूको कुलतमा फस्ने स्थिति समग्र विश्व आफै लिरहेको देखिन्छ । आज पहाड तिर पनि फिलममा देखाइएको जस्तै भइरहेको देखाइएको छ । समाजको वाहक युवा भनेको चेतनशिल र उत्पादनशिल हुनुपर्नेमा कुलतमै अल्झीएको कुराले आजको विश्वका धेरै समाजलाई मिल्ने देखिन्छ । नयाँ पुस्तामा कुल तर त्यसको राजनीतिक पाटोसँगै उर्जाशिल युवाको खिया लाग्दै गरेको अवस्थाको इतिवृतान्त हेर्न सकिन्छ ।

लगत्तै लेखकले नेपाली भाषा साहित्य, साहित्य प्रकाशनको दुरावस्था, साहित्य-पुस्तक र त्यस माथि नेपाली भाषाको कृतिसँगै प्रकाशकको दरिद्र मानसिकता त्यसले लेखक वर्गमा पर्नेमा र पनि उल्लेख गरेका छन् । नेपाली भाषा साहित्यलाई उजागर गर्नु सबै नेपाली भाषा प्रेमीको उतिक्कै योगदान रहने कुरा पनि सबैले मनन् गर्नुपर्ने देखिन्छ ।

'काम गर्ने, काम गर्नै पर्ने र काम मात्रै' लाई मान्यता दिने चलनको मार्मिक वर्णन "करोसी, जापान र मतसुरी" (पृ. ४०७-४१३)मा देखाइएको छ जसमा जनताले निक्कै समर्पित भएर काम गरे भने देश विकास हुनेमा कुनै दुविधा छैन भनेर उल्लेख गरिएको छ । तर मातासुरीको 'कारोसी' र जापानको काम गर्ने विकासशील संस्कार, त्यसको जनसंख्याको वितरण र देश विकाससँगको सम्बन्ध पनि उल्लेख गरिएको छ ।

भारतसँगै दक्षिण एशियाली देशमा हुने राजनीतिक चहल-पहललाई "भोट, नोटरचोट" (पृ. ४१५-४२१) मा पेचिलो बहस गरिएको छ । यसमा राजनीति जनआस्था, जनजीविका र दैनिकीलाई भोटको मौसम र त्यसलाई नोटसँग जोख्दा पाउने चोटको पनि मिठो व्याख्या छ । नोटको मुद्दामा भोट भन्नुनै चोटको खेति हो । जसले वास्तविक राजनीति, सामाजिक मुद्दाहरूलाई किनारा लगायो र यो नै भ्रस्टाचारको वास्तविक जरो हो भन्न सकिन्छ । सित्तैमा केही हुँदैन, हुन्छ भने टिक्दैन भनेर हरेक वस्तुलाई मूल्य र त्यसको मूल्यलाई उचित मूल्याङ्कन गर्नु पर्ने हुन्छ, हाम्रो तिर राजनीतिमा यो निकै चल्तीको कुरा देख्न सकिन्छ । 'डिभाइड एण्ड रुल' र 'रुल एण्ड डिभाइड' को भाष्य र यसको प्रयोगले विकास, राजनीति र जनता भने झनै भास्सिने कुरालाई जोड दिएको छ ।

लेखकले पुस्तकको अन्तिममा 'दुधक्रान्तिले' भारतलाई कसरी विश्वमा एक नम्बर दुध उत्पादन गर्ने मुलुक बनायो भन्ने कुरालाई प्रस्तुत गरेका छन् । कृषि उत्पादन, दुध उत्पादन सबैले देशको अर्थतन्त्रलाई निक्कै माथि उठाउन सक्ने उदाहरण प्रस्तुत गरेका छन् ।

समग्रमा लेखकले आफ्नो योगदानसँगै अनुभवलाई केन्द्रमा राखेर यो पुस्तकमा धेरै आयामहरूलाई उल्लेख गरेका छन् । पहिचान, डायोस्पोरा र भाषा आन्दोलनका आयाम बुझनलाई यस पुस्तक खुराक नै हुने छ । नेपाली अझै भारत देशमा बसोबास गर्ने नेपाली भाषीले पढ्नै पर्ने यो पुस्तकमा गोर्खाल्यान्ड आन्दोलनका आरोह-अबरोहका आयाम पनि यो पुस्तकमा देख्न सकिन्छ । पाठक वर्गले पुस्तकबाट बहुआयामिक ज्ञान सिक्न सक्ने यो पुस्तक पढिरहँदा केही कुराहरू अपुग होकि जस्तो देखिएको छ जसलाई यहाँ तलउल्लेख गरिएको छ ।

हिजोको दार्जीलिङ र आजको दार्जीलिङलाई कसरि तुलना गर्नु सकिन्छ ? जबकी दार्जीलिङमा जन्मेका अनेकन व्यक्तित्वहरू भारतकै अन्य शहर तिरै बस्न रुचाउन थालेसी ? मुद्दाको व्यावहारिकता केलाउदा र त्यो मुद्दाका

मुख्य सरोकारवालाहरू आफै पनि त्यो स्थान भन्दा टाढा बसेर उठान गर्दा मुद्दाको आत्मा पनि मधुरो हुन सक्छ । गोर्खाल्यान्ड मुद्दाको धरातल कस्तो थियोत भन्ने पेचिलो प्रश्न रहेको छ, जुन इतिहासमै धब्बाकै रूपमा रहने देखिन्छ । भारत भित्रका अन्य भारतीयहरूले नेपालीलाई कसरी हेर्छन् नेपालीहरू केके कुरामा लोभिन्छन् भन्ने कुरा पनि उठ्न सक्छ । किनकि झारखण्ड, उत्तराखण्ड, छत्तीसगढ र तेलंगना राज्यहरू बनिसक्दा दार्जिलिङ भने 'दार्जिलिङ गोर्खा पार्वपर्वतीय परिषद् (दागोपाप)' मै सिमित भयो । सिर पुच्छर नभएको यो व्यवस्थाले नेपाली भाषी गोर्खाहरूको मुक्ति हुन्छ भन्ने कुराको आधार कमजोर देखिन्छ ।

यतिको हुँदाहुँदै लेखकले नेपाली समुदायको उद्दारको मुद्दालाई व्यवहारिक तवरले के-कति काम गर्नु भयो भन्ने प्रश्न उठाउन सकिन्छ । म आफू नेपालबाट पुस्तक समीक्षकको रूपमा काम गरिर हँदा भारतीय नेपालीको वास्तविक पिडा देख्दा गाह्रो हुन्छ । त्यसका बाबजुद पनि लेखकले आफू र आफ्नो कामको अधिक वर्णन गरेको जस्तो देखिन्छ । सिद्धान्तको हिसाबले आन्दोलनको उठान र त्यसको औचित्यताको व्यापक चर्चा गरिएको देखिन्छ तर सँगै दार्जिलिङ (जसलाई पहाड किरानी उपनाम दिएको छ) र भारत देशको अन्य स्थानमा बसोबास गर्ने नेपाली भाषीको दैनिकीको मुद्दा र वास्तविकको खास कुरालाई खासप्रति विम्बित गर्ने आधारहरू पुस्तकमा अलिक पर्याप्त स्थान नभएको भान हुन्छ ।

पहिचानको क्रान्ति, क्रान्तिको उदय, जनताको साथ, त्यस माथिको अनेकन षड्यन्त्र हुँदै क्रान्तिको दिशाहीनता जस्ता पक्षलाई बुझ्न सकिने यस पुस्तकले खोज अनुसन्धानका निकै फराकिलो आधार दिन सक्ने देखिन्छ । अन्त्यमा हरेक आन्दोलनलाई मार्ग दिने काममा ज्ञानले ठुलो भूमिका खेल्दछ, जस्तैः "जुन दिन हामी ज्ञानको खेति गर्छौ, त्यहि दिन देखि हरेक गोर्खा-नेपालीको आङमा घाम लाग्छ ।"–पृ. ३५१ बाट ।

## सन्दर्भसामाग्री

लामा, म.पी. (२०७८). *ओदार्जिलिङ ! सिमा वारिपारिका परिवेश र मन्थन.* किताब पब्लिसर्स ।